आज मिति २०८० साल माघ २७ गते शनिवार साँझ ५.०० बजे राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको अध्यक्ष श्री प्रकाश विष्ट ज्यूको अध्यक्षता तथा निम्न अनुसारका सदस्यहरुको उपस्थितिमा बैठक बस्यो । यस बैठकको उपस्थिति निम्न अनुसारको रहेको छ ।

अध्यक्ष श्री प्रकाश विष्ट राप्ती गाउँ कार्यपालिका ।

उपाध्यक्ष श्री कमलापति चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री गैमे खड्का राप्ती गाउँ कार्यपालिका

सदस्य श्री पहलवान चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री उमेश अधिकारी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री बीर बहादुर चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री देवप्रसाद चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री दिपक कुमार चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री सिताराम चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री चन्द्रबहादुर गुरुङ राप्ती गाउँ कार्यपालिका

सदस्य श्री रिम बहादुर सुनारी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री पार्वती सुवेदी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री सावित्री चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री चम्पा भुसाल राप्ती गाउँ कार्यपालिका

सदस्य श्री रणबहादुर पुजाली राप्ती गाउँ कार्यपालिका

सदस्य श्री संजिव परियार राप्ती गाउँ कार्यपालिका

सदस्य श्री गिता चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य सचिव नेत्र बहादुर वली प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित

श्यामराज खतिवडा, प्रमुख इकाई प्रमुख ।

सुवास भट्टराई, ले.अ. ।

प्रस्तावहरु

१. नदीजन्य पदार्थको आन्तरिक व्यवस्थापन गर्ने सम्बन्धमा ।

निर्णयहरु

१ प्रस्ताव नं १ माथी छलफल गर्दा राप्ती गाउँपालिका भित्र निर्माणाधिन योजना तथा व्यक्तिगत प्रयोजनका लागि ढुंगा, गिटी, बालुवा जस्ता नदीजन्य पदार्थको आपुर्ति हुन नसक्दा स्थानीय विकास निर्माण प्रभावित भएको र सो को लागि स्थानीयवासीबाट अत्यधिक माग भईरहेको अवस्था छ । हाल राप्ती नदीबाट नदीजन्य पदार्थको निकासीका लागि ठेक्का व्यवस्थापन भईनसकेको अवस्थामा सो ठेक्का व्यवस्थापन नभएसम्मका लागि राप्ती गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, (IEE) २०७९ तथा सो को प्राविधिक प्रतिवेदन, २०८० र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितियाट स्वीकृत राप्ती नदीको घाटहरुबाट देहाय बमोजिम नदीजन्य पदार्थको निकासीको व्यवस्थापन गर्ने:-

१. तत्काललाई नदीजन्य पदार्थको आवश्यकता परेको व्यक्ति, संस्था तथा योजनाहरुबाट सम्बन्धित वडामा माग निवेदन संकलनका लागि सूचना प्रकाशन गर्ने ।
२. सो निवेदनका आधारमा वडा कार्यालयबाट माग तथा परिमाण एकिन गरि सो बराबरको परिमाणको लागि घाट तोकी निर्धारित घाटबाट घाटगद्दी गर्न लगाई सो घाटगद्धी नापजाँच गरी प्रति घ.फि. रु ८/- र सोमा लाग्ने मु. अ. कर समेत गरी प्रति टेक्टर रु ५२३/२० का दरले रोयल्टी लिई निकासी अनुमति दिने ।
३. यसरी निकासी अनुमति दिंदा रोयल्टी असुलीका लागि वडा कार्यालयलाई जिम्मा दिने ।